कार्यपालिका बैठकको मितिः२०८१।०१।०९ समयः बिहान ११:४५ बजे ।

कार्यपालिका बैठकका प्रस्ताव अध्यक्षबाट स्वीकृत मिति २०८१।०१।०५ गते

<u>मितिः २०८१।०१।०९ गतेका ३७ औ गाँउकार्यपालिका बैठकका प्रस्तावहरुः</u>

प्रस्ताव नं १ पुर्व निर्णयको समिक्षा सम्बन्धमा ।
प्रस्तावन नं २ आयोजना कार्यान्वयन तथा मेशिन प्रयोग गर्न स्वीकृती दिने सम्बन्धमा ।
प्रस्ताव नं ३ शर्शतको रकम माग बारे ।
प्रस्ताव नं ४ ठेक्काको म्याद थप सम्बन्धमा ।
प्रस्तावन नं ५ मंगला गाँउपालिकाको भू- उपयोग मापदण्ड २०८१ स्वीकृत गर्ने ।
प्रस्ताव नं ६ स्थानीय कृषि सेवा/ ला. पो. डे. डे.समूह/ सातौ तह /पशु विकास अधिकृत पदमा स्थायी नियुक्ति गर्ने बारे ।
प्रस्ताव नं ७ स्वेच्छिक अवकाश स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं ८ स्वास्थ्य संयोजक तोक्ने बारे ।
प्रस्ताव नं ९ पाइप खरिद सम्बन्धमा ।
प्रस्ताव नं १० कृषि/ पुश भवनको मर्मतको लागि रकम थप सम्बन्धमा।
प्रस्ताव नं ११ कृषक लाभग्राही छनौट सम्बन्धमा ।
प्रस्ताव नं १२ पशु खोप खरिद सम्बन्धमा ।
प्रस्ताव नं १३ बालमैत्री कार्यक्रम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं १४ ढुँगा गिटी बालुवाको आय ठेक्काको लागि पुन सुचना प्रकाशन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं १५ विविध विषयको सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ मा छलफल गर्दा विगत कार्यपालिकाका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयन भएको पाइयो । कार्यान्वयन हुन बाँकी निर्णयहरु क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा मंगला गाँउपालिकाको को आ. व. २०८०।८१ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत वडा नं १ मा कार्यान्वयन हुने गरी भर्जुला- गजुरे- थाईबाङ- सडक निर्माण शिर्षकमा रु १० लाख विनियोजन भई उपभोक्ता समितिसँग कार्यालयको तर्फबाट निर्माण सम्झौता समेत भएको सम्बन्धमा उक्त आयोजना कार्यान्वयनमा सल्यान ,भर्जुला,थाइवाइ सडक क्षेत्रका बासिन्दाहरुको गुनासोलाइ सम्बोधन गर्दै जाने र यस बाहेक उक्त आयोजना कार्यान्वय गर्न कुनै बाधा नपर्ने हुँदा आयोजनाको निर्माण कार्य अगाडि बढाउन पहल गर्ने निर्णय गरियो । साथै उक्त आयोजना कार्यान्वयन गर्दा माटो, चट्टान कटान कार्य लगायतको लागि प्राविधिक स्टिमेटमा उल्लेख भए बमोजिम डोजर प्रयोग गर्न प्रचलित खरिद कानुन बमोजिम अनुमति दिने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ मा छलफल गर्दा यस मंगला गाँउपालिकाको ४ नं वडामा कृषि नर्सरी स्थापना र गाँउपालिकाको केन्द्र बाबियाचौरमा कृषि प्रदशर्नी स्थल बनाउनको लागि आ व २०८१।८२ को शर्शत बजेटमा समावेश गरिदिनको लागि कृषि तथा पशुपंक्षि विकास मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ मा छलफल गर्दा मंगला गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालयको ठेक्का नं MRM/NCB/WORKS/08/2077/078,construction of Sima -Kotrabang-Paiyunpata-Kuhun-Adharikhola-Purnagaun-Todke Model Road निर्माण आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसकेकोमा उक्त निर्माण कार्यको ठेक्का प्राप्त गर्ने निर्माण कम्पनी श्री सोमरस निर्माण सेवाले सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौ संसोधन) नियम १२० क बमोजिम उक्त ठेक्काको सम्झौता अवधि थप गर्न मिति २०८०।१२।१४ मा निवेदन दिएकोमा म्याग्द थप गर्नु पर्ने कारण मनासिव देखि सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौ संसोधन) नियम १२० क बमोजिम मिति २०८१ कार्तिक मसान्त सम्म म्याद थप गर्ने । साथै निर्माण व्यवसायीले कानुन बमोजिम उक्त ठेक्काको थपिएको अवधिको कार्यसम्पादन जमानत र बिमा नविकरण लगायतका आवश्यक कागजात पेश गरे पश्चात मात्र सम्झौता तथा कार्यदिश दिने निर्णय गरियो ।

निर्णय नं ५
सबै वडा र सरोकारवालाहरु सँग छलफल गरी तयार पारि गाँउकार्यपालिका बैठकमा पेश भएको मंगला गाँउपालिकाको भू- उपयोग मापदण्ड २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ६
प्रस्ताव नं ६ मा छलफल गर्दा प्रदेश लोक सेवा आयोगको विज्ञापन नं ७०३०/०८०-८१ (खुला/ समावेशी) च. न.७९ मिति २०८१।०१।०२ को सिफारिस पत्रानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम २८ बमोजिम स्थानीय कृषि सेवा/ ला. पो. डे. डे.समूह/ सातौ तह /पशु विकास अधिकृत पदमा मिति २०८१।०१।०६ गते देखि ज्येष्ठता कायम हुने गरी अनिशा गौतम (मुसीकोट -१ गुल्मी) लाई स्थायी नियुक्ति दिने ।

निर्णय नं ७
प्रस्ताव नं ७ मा  छलफल गर्दा मंगला गाँउपालिका अन्तर्गत बरंजा स्वास्थ्य चौकीमा सि. अ. हे. व. /अधिकृत छैठौ पदमा कार्यरत श्री नारायणदत्त सापकोटा (कर्मचारी संकेत नं १७२६०१) मिति २०८०।१२।०१ गते देखि लागु हुने गरी स्वेच्छिक अवकाश लिन निवेदन दिनु भएकोमा गण्डकी प्रदेशको स्थानिय सेवा ऐन २०७९ र स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली २०८० बमोजिम २०८०।१२।०१ गते देखि लागु हुने गरी निजलाइ स्वेच्छिक अवकास स्विकृत /दिने निर्णय गरियो।

निर्णय नं ८
प्रस्ताव नं ८ मा छलफल गर्दा मंगला गाँउपालिकामा स्वास्थ्य संयोजकको रुपमा कार्यरत लेखनाथ रोकाले लामो समय घर बिदा लिने भएकोले रिक्त स्वास्थ्य संयोजकमा सि. अ. हे. व. छैठौं बालकृष्ण शर्मालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं ९
प्रस्ताव नं ९ मा छलफल गर्दा मंगला गाँउपालिका भित्र आगोलागी भई खानेपानीका पाइपहरु जली नष्ट भएकोले वडा कार्यालयबाट सिफारिस भै आए पश्चात प्राविधिकबाट लागत अनुमान तयार आवश्यक रकम आगामी गाँउकार्यपालिकाबाट बैठकबाट निर्णय गरी आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० मा छलफल गर्दा माटेबगर पशुसेवा शाखा भवन मर्मत तथा व्यवस्थापनको लागि रु ४,१०,००० विनियोजन भएकोमा प्राविधि लागत अनुमान तयार गर्दा रकम अपुग भएकोले मंगला गाँउपालिकाको आ. व. ०८०।८१ को स्वीकृत कार्यक्रम अन्तर्गत समपुरक कोष सडक बोर्ड झो. पु. तथा अन्य शिर्षकमा विनियोजित रकम रु ५३,८१,४३१।२० बाट रु ९०,०००। रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं ११ मा छलफल गर्दा आ व २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषकलाई कृषि सामाग्री वितरणको लागि मिति २०८०।११।०३ गतेको गाँउकार्यपालिकाको निर्णय बमोजिम छनौट भएका कृषकहरुले कृषि सामाग्री नलिने भएकोले वडाबाट सिफारिस भएका तपशिलका कृषकहरुलाइ छनौट गर्ने निर्णय गरियो ।

| सि न | कृषकको नाम थर | ठेगाना | कृषि सामाग्री | कैफियत |
|---|---|---|---|---|
| १ | पवित्रा कुमारी खडका को सट्टा डेक बहादुर खत्री | मंगला ०१ | डिजेल मिनिटेलर | |
| २ | लक्ष्मी बहादुर मल्ल को सट्टा हेलुन गुरुङ | मंगला ०२ | डिजेल मिनिटेलर | |
| ३ | भगवती किसान को सट्टा जग प्रसाद पाध्या | मंगला ०२ | पेट्रोल मिनिटेलर | |
| ४ | मुक्ति प्रसाद आर्चाय को सट्टा गनेश बहादुर ठकुरी | मंगला ०२ | थ्रेसर | |
| ५ | बिर बहादुर चोचाङ्गे को सट्टा होम बहादुर बुढा | मंगला ०४ | होम मिल | |
| ६ | भिम बहादुर बुढाथोकीको सट्टा दल प्रसाद पौडेल | मंगला ०५ | ग्रिन हाउस निर्माण | |

निर्णय नं १२

प्रस्ताव नं १२ मा छलफल गर्दा यस मंगला गाँउपालिकामा रहेका सबै पशुहरुलाइ पुर्ण खोप लगाउनको लागि पशु सेवा विज्ञ केन्द्रबाट प्राप्त ५५० खोप प्राप्त भएको र पुर्ण खोपको लागि २००० खोप अपुग हुने भएकोले खोप खरिद गर्न र खोप कर्ताको पारिश्रमिकको लागि मंगला गाँउपालिकाको आ व ०८०।८१ को स्वीकृत कार्यक्रम अनुसार गा पा चालु तर्फ भैपरी आउने चालु खर्च शिर्षकबाट रु ५० हजार रकमान्तर गरी पुर्ण खोप कार्यक्रम खर्च शिर्षकमा विनियोजन गरी सोही शिर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १३

प्रस्ताव नं १३ मा छलफल गर्दा यस मंगला गाँउपालिकालाइ पुर्ण बालमैत्री गाँउपालिका घोषणा कार्यक्रम सञ्चालन गर्न बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन अवधारणा पत्र बमोजिम मंगला गाँउपालिकाको आ व ०८०।८१ को स्वीकृत बजेट अन्तर्गत चालु तर्फको कार्यक्रम खर्च शिर्षकबाट रु १ लाख पचास हजार र वडा न २ को बालमैत्री घोषणा कार्यक्रमबाट रु पचास हजारबाट बालमैत्री स्थानीय शासन सञ्चालनका मुख्य क्रियाकलापहरू सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं १४

प्रस्तावन नं १४ मा छलफल गर्दा ढुंगा गिट्टी बालुवाको ठेक्काको सूचना प्रकाशन मिति अर्को कार्यपालिका बैठकमा तोक्ने निर्णय गरियो ।

निर्णय नं १५

प्रस्तावन नं १५ मा छलफल गर्दा तपशिल बमोजिम आर्थिक सहायता / आर्थिक रकम भुक्तानी गर्ने ।

(क) आर्थिक सहायता/ राहत रकमको लागि वडा कार्यालयबाट सिफारिस भै आएका तपशिलका व्यक्तिहरुलाइ मंगला गाँउपालिकाको आ. व. ८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अध्यक्षसँग उद्धार राहत तथा पुनःस्थापना शिर्षकमा विनियोजन भएको रकमबाट आर्थिक सहायता/ राहत रकम भुक्तानी गर्ने निर्णय गरियो ।

| सि न | नाम थर | ठेगाना | क्षतिको विवरण | भुक्तानी हुने राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेल कुमारी रेग्मी | मंगला ०१ | हावाहुरीले निजको घर र बार्तालीको जस्तापाता काठपात जलेर नष्ट भएको | रु १० हजार | बैक खाता |
| २ | यमलाल शर्मा | मंगला ०२ | दुहुना भैसी मरेको | रु २० हजार | बैक खाता |

(ख) म्याग्दी पुस्तकालय बेनी म्याग्दीले प्रकाशित गरेको साहस स्मारिकामा गाँउपालिकाको सूचना सहितको सन्देश प्रकाशित गरिएकोले मंगला गाँउपालिकाको आ. व. ८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शीर्षकमा विनियोजित रकमबाट रु १० हजार भुक्तानी गर्ने ।